# सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा, नेपालबीच भएको सहमति

## मिति २०६४।११।१८ मा सम्पन्न भएको सहमति

देशमा हाल चलिरहेको लिम्बुवान, खम्बुवान, तामाङसालीङ, थरुहट, दलित महिला लगायतका जनताहरुको आन्दोलनको भावनालाई हृदयङ्गम गर्दै मुलुकमा २३९ वर्षदेखि आदिबासी जनजाति, मधेशी, दलित, महिला, पिछडावर्ग, अल्पसंख्यक, मुस्लिम समुदायसमेतका जनताका भावनाविपरीत सामन्तवादी केन्द्रीकृत राज्यका कारण उत्पन्न विभेदका सबै रुपहरुलाई अन्त्य गर्दै समानुपातिक, समावेशी लोकतन्त्र तथा स्वाशासित स्वायत्त गणराज्यसहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापना गरी आदिबासी जनजाति, मधेशी, दलित महिलालगायत सम्पूर्ण नेपाली जनतालाई राष्ट्रिय मूल प्रवाहमा समाहित गरी शान्त, सम्बृद्ध, आधुनिक नयाँ नेपाल निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्दै हामी तपसिलमा रहेका पक्षहरु निम्न लिखित सहमतिमा पुगेका छौं ।

१. लिम्बुवान, खम्बुवान, तामाङसालीङ, थरुहट, दलित आदि जनताको आन्दोलनमा शहादत प्राप्त शहीदहरुलाई सम्मानका साथ शहीद घोषणा गरी आश्रित परिवारलाई रु. १०,००,०००/- ( दस लाख) का दरले राहत प्रदान गर्ने । शहीद परिवारका एक सदस्यलाई रोजगारी र निःशुल्क शिक्षाको व्यवस्था गर्ने, घाइते आन्दोलनकारीहरुलाई उपचार गर्ने र नेता तथा कार्यकर्ताहरु माथि लगाइएका मुद्दाहरु खाजेर गरी बन्दीहरुलाई तत्काल रिहाई गर्ने । आन्दोलनमा शहादत प्राप्त शहीद र घाइतेहरुको पहिचान गर्न सरकार र आन्दोलनरत दुवै पक्षको सहभागितामा तत्काल एक कार्यदल निर्माण गरी कार्य गर्ने ।
२. संविधानसभाको माध्यमले राजतन्त्रको समूल अन्त्य गरी संघीइ लोकतान्त्रिक गणतन्त्र नेपालको घोषण गर्ने र यसको कार्यान्वयनका लागि सात दल प्रतिबद्ध रहनेछन् ।

३. २३९ बर्षदेखीको केन्द्रिकृत तथा एकात्मक शासन प्रणाली वा राज्यब्यवस्थालाई अन्त्य गरी राज्यको नयाँ संरचना गर्दा नेपालको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण राख्दै लिम्बुवान, खम्बुवान, तामाङसालिङ, थरुहट लगायतका आदिवासी, जनजाति, दलित, पिछडिएका वर्ग र जातिहरुको ऐतिहासिक पृष्ठभुमी, भाषा, भौगोलिक क्षेत्र र आर्थिक श्रोत तथा संभाब्यताका आधारमा बैज्ञानिक स्वशासनयुक्त स्वायत्त गणराज्यसहितको संघीय शासन प्रणालीको संविधानसभाबाट संवैधानिक ब्यवस्था गरिने छ ।

यसलाई सुनिश्चितता प्रदान गर्न मन्त्रीपरिषदमा प्रस्तुत गरी अनुमोदन गरी सम्बद्ध पक्षलाई जानकारी गराउने । राज्यको नयाँ संरचना गर्दा सबै वर्ग र जातिका जनताको आत्मसम्मानको रक्षा गरिने छ । स्वायत्त गणराज्यहरुको संरचना, केन्द्र र प्रदेशको सुचीहरुको पूर्ण विवरण एवं अधिकारको बाँडफाँट संविधानसभाबाट निर्धारण गरे वमोजिम हुने छ । राज्यको नयाँ संरचनाको सम्बन्धमा गठन हुन गइरहेको पुनःसंरचना आयोगमा यो सम्झौता कार्यन्वयनको लागि पठाइने छ ।

४. आदिवासी जनजाति, तराईका मूलवासी, दलित, पिछडावर्ग र अल्पसंख्यक मुसलमान र महिला आदिलाई राज्यका सम्पूर्ण अंगमा समावेशी समानुपातिक सहभागी गराउने ब्यवस्था गरिने छ ।

५. २०६४ चैत्र २८ गतेको संविधानसभाको निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा नेपालद्धारा आह्वान गरिएको आम हडताल लगायतका बन्दका सबै कार्यक्रमहरु फिर्ता लिई यस मोर्चामा सहभागी सबै राजनीतिक घटकले संविधानसभाको निर्वाचन सहज वातावरणमा गराउन सहयोग गर्नेछन् ।

| | |
|---|---|
| संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा, नेपालको तर्फबाट | सात दल सम्मिलित सरकारी वार्ता समितिको तर्फबाट |
| श्री डीके बुद्धिष्ट<br>अध्यक्ष, म.स., संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | श्री रामचन्द्र पौडेल<br>संयोजक |
| श्री कुमार लिङदेन 'मिराक'<br>अध्यक्ष, संघीय लिम्बुवान राज्य परिषद | श्री शंकर पोखरेल<br>सदस्य |
| श्री लक्ष्मण थारु<br>अध्यक्ष, संयुक्त थारु राष्ट्रिय मोर्चा, नेपाल | श्री देवप्रसाद गुरुङ्ग<br>सदस्य |
| | श्री घनश्याम शर्मा पौडेल<br>सदस्य |
| श्री विसेन्द्र पासवान<br>अध्यक्ष, दलित जनजाति पार्टी | श्री सुनिल प्रजापति<br>सदस्य (अनुपस्थित) |
| श्री सिडमान तामाङ्ग<br>उपाध्यक्ष, तामाङसालिङ स्वायत्त राज्य परिषद | श्री केशव नेपाल<br>सदस्य |